लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरका, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०७९।०७।१८ गतेका दिन दिउसो ठिक २:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ९औं बैठक बसी तपशिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपशिलः**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | उप-प्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री सन्तोष कुमार ओली | अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री हरि प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष, वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | श्री दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | श्री झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| १९ | श्री कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| २० | श्री दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | श्री शेर बहादुर बुढा | सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | | | |
| २ | | | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरका, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ योजनाको म्याद थप सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ मा रहेको कैलाशधाम तिर्थस्थल पर्यटकीय पूर्वाधार विकास उपभोक्ता समितिले म्याद थपका लागि पेश गरेको निवेदन बमोजिम प्राविधिकबाट आवश्यक कागजातहरु जाँच गर्दा उक्त उपभोक्ता समितिको म्याद मिति २०७९ साल पौष मसान्तसम्म म्याद थप्ने साथै उक्त योजनाका लागि वियोजित रकम रू. १५,००,०००।– (अक्षरुपी पन्ध्र लाख मात्र) मध्ये १०,६०,०००।– (अक्षरुपी दश लाख साठी हजार मात्र) भूक्तानी भैसकेको र बाँकि हुन आउने रकम रु. ४,४०,०००।– (अक्षरुपी चार लाख चालिस हजार मात्र) आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी हुने गरि विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ योजनाहरुको कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुद्वारा संचालन गरिने सहरी शासकीय पूर्वाधार तर्फका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि नगर स्तरिय समन्वय समितिको बैटकबाट मार्फत योजना छनौट गरि र वडाको वजेटबाट सचालित हुने योजनाहरुको सम्बन्धित वडा कार्यालयहरुलाई उपभोक्ता समिति गठनका लागि आवश्यक प्रक्रिया सुचारू गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो। साथै नगरपालिका बाट बोलपत्र मार्फत सन्चालित हुने आयोजनाहरु आवश्यक प्रक्रिया पुरा गरी प्राविधिक शाखाबाट बोलपत्र आह्वान गर्ने गराउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ३ विविध प्रस्ताव सम्बन्धमा।**

**प्रस्ताव नं. ३.१ उपभोक्ता समितिका पदाधिकारीको अभिमुखिकरणका लागि रकम वियोजन सम्बन्धमा।**

निर्णय नं. २.१ प्रस्ताव नं. २.१ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुद्वारा उपभोक्ता समितिहरु मार्फत संचालन गरिने योजनाहरुको कार्यान्वयनका लागि लागि गठित उपभोक्ता समितिका पदाधिकारिहरुका लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्न आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३.२ बसपार्कको ठेक्का गर्ने सम्बन्धमा।**

निर्णय नं. २.२ माथी छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा निर्माण गरिएको लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको बसपार्कको न्यूनतम कबोल रकम निर्धारण गर्नका लागि वडा नं. १ का वडा अध्यक्ष नेत्र प्रसाद खनाल ,वडा नं. ३ का वडा अध्यक्ष लब बहादुर शाही र राजस्व शाखा प्रमुखलाई जिम्मेवारी दिने र सोही बमोजिम उक्त बसपार्कको ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.३ आ.व. २०७८।०७९ को रोयल्टी वापतको रकम असुल गर्ने सम्बन्धमा।**

निर्णय नं. २.३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा नगर क्षेत्रभित्र रहेका नदीहरुको IEE प्रतिवेदन बमोजिम आ.व.२०७८।०७९ को ठेक्का गरि रोयल्टी संकलनको लागि नगरपालिका बाट सम्झौता गरिएका फर्महरु मंगलासैनी बिल्डर्स प्रा.लि. र बिष्ट कन्सट्रक्सन प्रा.लि. ले पहिलो किस्ता वापतको रकम दाखिला गरेको तर दोस्रो र तेस्रो किस्ता वापतको रकम नगरपालिकाको कार्यालयबाट पटक-पटक पत्राचार गर्दा पनि हालसम्म दाखिला नगरेको र निज आपुर्तिकर्ताहरुले पेश गरेको बैङ्क ग्यारेन्टी (Performance-bond Guarantee) को म्याद समेत समाप्त भैसकेकोले उक्त बैङ्क ग्यारेन्टी जारी गर्ने बैङ्क तथा आपुर्तिकर्ताहरुसंग समन्वय गरि म्याद समाप्त भएको बैङ्क ग्यारेन्टीको म्याद थप गराई आवश्यक प्रक्रिया मार्फत यथाशिघ्र रोयल्टी वापतको रकम असुल उपर गर्ने गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.४ आ.व. २०७९।०८० को रोयल्टी ठेक्का सम्बन्धमा।**

निर्णय नं. २.४ प्रस्ताव नं. २.४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा राजश्व रकम संकलनका लागि आ.व. २०७९।०८० मा लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका नदीहरुबाट रोयल्टी संकलनका लागि बोलपत्र आह्वान गरिएकोमा बोलपत्र पेश गर्ने दातारी कन्स्ट्रक्सनलाई मिति २०७९।०६।२३ गते सम्झौताका लागि पत्राचार गरिएको र निज आपुर्तिकर्ता हालसम्म पनि सम्झौताका लागि उपस्थित नभएको हुँदा उक्त आपूर्तिकर्ताले पेश गरेको बैङ्क ग्यारेन्टी (Bid Security Amount) जफत गर्ने र लम्कीचुहा नगरपालिका वडा नम. ३ मा रहेको कर्णाली नदिको धार परिवर्तन भई नदिजन्य पदार्थको मात्रा एकिन गर्न कठिनाई भएको हुँदा सो को IEE प्रतिवेदन Revise गर्न पठाउने र बाँकि रहेका नदिहरुमा रहेको नदीजन्य पदार्थको जम्मा परिमाणबाट मंसिर महिनासम्मको परिमाण घटाई बाँकी हुन आउने परिमाणको रकम एकिन गरि आवश्यक प्रक्रिया पुरा गरी बोलपत्र आह्वान गर्न प्राविधिक शाखालाई जिम्मा दिने र उक्त ठेक्काको सम्झौता नहुन्जेलसम्मका लागि लम्कीचुहा नगरपालिकाले आफै कार्यालयबाट कर्मचारीहरु तथा व्यक्ति खटाई रोयल्टी संकलन गर्ने गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.५ गहुँको विउ खरिद प्रक्रिया सम्बन्धमा।**

निर्णय नं. २.५ प्रस्ताव नं. २.५ माथि छलफल गर्दा यस नगरपालिकाको समपुरक कोषबाट गहुको बिउ खरीदको लागि विनियोजिन गरिएकोमा उक्त रकमबाट गहुँको बिउ खरिदका लागि समय अभावका कारण बोलपत्र मार्फत खरीद गर्न सम्भव नभएकाले नगरपालिका कार्यालयमा सुचिकत भएका आपूर्तिकर्ताहरुबाट आवश्यक प्रक्रिया पुरा गरी दर रेट माग गरेकोमा पेश भएका दर रेट मध्ये सबभन्दा कम दर रेट पेश गरेका फर्महरुबाट उक्त फर्महरु संग रहेको स्टक समेत जाँच गरि ५० प्रतिशत नगरपालिकाबाट र ५० प्रतिशत किसानबाट रकम लिने गरी सम्झौता गरी गहुँको बिउ किसानलाई उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.६ नगर प्रमुख कप फुटबल संचालनका लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. २.५ प्रस्ताव नं. २.५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा आयोजना भएको नगर स्तरीय नगर प्रमुख कप फुटबल संचालनका लागि लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम अन्तर्गत नगर प्रमुंख कप फुटबल संचालन शिर्षकमा विनियोजन भएको खर्च शिर्षक (२२५२२) बाट रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.७ अन्य आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. २.६ प्रस्ताव नं. २.६ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालयमा विभिन्न वडा कार्यालयहरु तथा संघसंस्थाहरुबाट आर्थिक सहायताका लागि पेश हुन आएका निवेदन बमोजिम लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० का लागि स्वीकृत समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी हुने गरि निवेदन साथ संलग्न आवश्यक कागजातहरूका आधारमा तपशिल अनुसारको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. लम्की सांगितिक महोत्सव-१,५०,०००।-
२. नमुना यूवा क्लव वडा नं. ३-२५,०००।-
३. लालीगुँरास यूवा क्लव वडा नं. ६-१५,०००।-
४. जन जागरण यूवा क्लव वडा नं. २-१५,०००।-
५. गौरा पर्व संचालन-१५,०००।-
६. मैना देवी बम-१५,०००।-
७. ठग्नी चौधरी-१५,०००।-
८. बम बहादुर वि.क.-१५,०००।-
९. जीवन उपाध्याय-१५,०००।-
१०. भूमिका तिमिल्सैना-१५,०००।-
११. राजु वादी-१५,०००।-
१२. अरुणा डगौरा विष्ट-१५,०००।-
१३. हिरालाल बुढा मगर-१५,०००।-
१४. पवित्रा चौधरी-१५,०००।-
१५. लोकेन्द्र चौधरी-१५,०००।-
१६. सोम बहादुर चौधरी-१५,०००।-

**प्रस्ताव नं. ३.८ मालपोत कार्यालय टिकापुरका लागि ईन्भटर खरिद सम्बन्धमा।**

निर्णय नं. २.६ प्रस्ताव नं. २.६ माथि छलफल गर्दा मालपोट कार्यालय टिकापुरले माग गरे बमोजिम १ थान ईन्भटर लम्कीचुहा नगरपालिकाको कार्यालयले आफै खरिद गरि मासलपोत कार्यालय टिकापुरलाइ उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.९ जग्गाको भोगाधिकार हस्तान्तरण सम्बन्धमा।**

निर्णय नं. २.७ प्रस्ताव नं. २.७ माथि छलफल गर्दा एशियाली विकास बैङ्कको अनुदानमा र सुदूरपश्चिम प्रदेश सरकारको संयुक्त आयोजनामा निर्माण हुने प्रदेशस्तरिय दिर्घकालिन पुर्स्थापना केन्द्र भवनका लागि १० कठ्ठा जग्गाको स्वामित्व/भोगाधिकार माग गरेको सामाजिक विकास मन्त्रालयको मिति २०७९।०७।१७ गतेको अनुरोध पत्र बमोजिम लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको सरस्वती मा.वि. भुरुवा, कैलालीले भोगचलन गर्दै आएको जग्गा उपलब्ध गराउने विद्यालयको सहमतिका आधारमा उक्त विद्यालयको भोगाधिकार रहेको १-६-१२ कठ्ठा जग्गा मध्ये ०-१०-० कठ्ठा जग्गा सुदूरपश्चिम प्रदेश सरकारको भोगाधिकार रहने गरि उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.१० रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. २.८ प्रस्ताव नं. २.८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा संचालित लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको लम्कीचुहा अस्पतालको भवनमा औषधीको भण्डारणका लागि पार्टिसन गर्नुपर्ने भएकोले उक्त अस्पतालमा पार्टिसन कार्य गर्नका लागि लम्कीचुहा नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी हुने गरि रु. १०,००,०००।- (अक्षरुपी दश लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३.१० घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ५.६ प्रस्ताव नं. ५.६ माथि छलफल गर्दा घ वर्गको ईजाजत उपलब्ध गराईपाउँ भनि लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएकोले आवश्यक कागजात चेकजाच गर्दा घ वर्गको ईजाजत पत्र दिन उपयुक्त देखिएकाले **श्री बिल्डर एबिलिटी कन्ट्राक्टिङ्ग प्रा.लि. लम्कीचुहा नगरपालिका वडा नं. ०१, कैलाली** लाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।